आज मिति २०७५ साल फाल्गुण २३ गतेका दिन लमही नगरपालिका नगर कार्यपालिकाका प्रमुख श्री कुल बहादुर के.सी. ज्यूको अध्यक्षतामा तपसिलका महानुभावहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति :

| | |
|---|---|
| १. श्री कुल बहादुर के.सी. | नगर प्रमुख |
| २. श्री देवका बेलबासे | नगर उप-प्रमुख |
| ३. श्री तुमराज पौडेल | अध्यक्ष वडा नं. १ |
| ४. श्री नेपालु चौधरी | " " " २ |
| ५. श्री बाबुराम चौधरी | " " " ३ |
| ६. श्री युवराज न्यौपाने | " " " ४ |
| ७. श्री बिम बहादुर के.सी. | " " " ५ |
| ८. श्री गणेशमान चौधरी | " " " ६ |
| ९. श्री मोहन गिरी | " " " ७ |
| १०. श्री मेघनारायण चौधरी | " " " ८ |
| ११. श्री प्रेम बहादुर के.सी. | " " " ९ |
| १२. श्री राधादेवी के.सी. | कार्यपालिका सदस्य |
| १३. श्री नारायणी खड्का | " " |
| १४. श्री अनिता चौधरी | " " |
| १५. श्री पार्वती विश्वकर्मा | " " |
| १६. श्री सुनिता कुमारी चौधरी | " " |
| १७. श्री बम बहादुर विश्वकर्मा | " " |
| १८. श्री ठगे नेपाली | " " |
| १९. श्री सेरा कुमाल | " " |
| २०. श्री नरेन्द्र बहादुर डाँगी | सदस्य-सचिव |

Scanned with CamScanner

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
५ नं. प्रदेश, नेपाल

## २०७५ साल फाल्गुण २९ गते बसेको लमही नगर कार्यपालिकाको बैठकका निर्णयहरु

निर्णय नं. १. लमही अस्पतालको सेवालाई मितव्ययी ढंगले संचालन गरी अस्पतालले प्रदान गर्ने सेवामा प्रभावकारीता ल्याउन अस्पताल हाताभित्र रहेका लमही नगरपालिका निशुल्क स्वास्थ्य सेवा कार्यक्रम, लमही अस्पतालबाट साविकमा संचालित निशुल्क औषधी वितरण कक्ष तथा व्यावसायिक फार्मेसीलाई एकीकृत रुपमा एउटै कक्षबाट सेवाको प्रकृति अनुसार उपलब्ध गराउने औषधीहरु अलग अलग व्यवस्थापन गरी एकीकृत रुपमा औषधी बिक्री/वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. २. राप्ती राजमार्ग अमेलिया-तुलसीपुर खण्ड (चे.२+५०० देखि १०+०००) को सडक स्तरोन्नतिका क्रममा निस्केका ढुंगाहरुको परिमाण नापजाँच गराई प्रति क्युफिट ६ रुपियाँका दरले (VAT बाहेक) राजश्व दाखिला सडक निर्माण कम्पनी के.एस. कन्सट्रक्सन, धनगढी, कैलाली लाई घाटगद्दी गरेको स्थलबाट उठाउन अनुमति दिनका लागि जिल्ला समन्वय समिति, दाङ लाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. लमही नगरपालिका वडा नं. २, ४, ५, ६, ७, ८ र ९ मा पर्ने राप्ती नदीका तपसिल बमोजिमका घाट तथा गगरी खोला र सिरिङ्गे खोलाका घाटबाट नदीजन्य पदार्थहरु उत्खननको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन जिल्ला समन्वय समिति, दाङ बाट स्वीकृत भैसकेकाले अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. रनीयापुर घाट, लमही २ ।
२. जहरे घाट, लमही ८ ।
३. खयर भट्टी घाट, लमही ९ ।
४. वनघुस्री घाट, लमही ४ ।

निर्णय नं. ४. राप्ती राजमार्ग अमेलिया-तुलसीपुर खण्ड (चे.२ +५०० देखि १०+०००) को स्तरोन्नतिका लागि नि.व्य.श्री के.एस. कन्सट्रक्सन, धनगढी, कैलाली द्धारा सडक स्तरोन्नति भइरहेकोमा उक्त कार्यका लागि अस्थायी क्रसर स्थापना गर्न आवश्यक परेकोले जिल्ला समन्वय समिति, दाङ लाई सिफारिस गर्ने निर्णय गरियो ।

७५।११।२५

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ५. नदीजन्य पद्धार्थहरु उत्खननको लागि ठेक्का प्रक्रिया टुंगो नलागेसम्म लमही नगरपालीका क्षेत्रमा चालु आर्थिक वर्षमा संचालित आयोजनाहरुको चालु आर्थिक वर्ष ०७५।०७६ मा हालै सम्पन्न प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार जिल्ला समन्वय समिति, दाङ बाट स्विकृत प्रतिवेदनमा उल्लेखित घाटहरु मध्ये रनीयापुर (लमही २), वनगाई घाट (लमही ७), जहरे घाट (लमही ८) खयरभट्टी (लमही ९) बाट उत्खनन गर्न सकिने चालु आर्थिक वर्षको कुल परिमाणको २५% ले हुन आउने नदीजन्य पदार्थहरु वडा कार्यालयमा कार्यरत कर्मचारीहरु वा कर्मचारी अपुग भएको अवस्थामा निश्चित दिनका लागि मात्र दैनिक ज्यालादारी कर्मचारी खटाई उत्खनन कार्य अघि बढाउने र स्विकृत दर बमोजिम उल्लेखित परिमाणको आधारमा हुन आउने राजस्व रकम लमही नगर कार्यपालकिको कार्यालयमा जम्मा गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ६. लमही नगरपालिका भित्र ईट्टा उद्योग स्थापना तथा संचालनको लागि सिफारिस गर्ने सम्बन्धि कार्यविधि, २०७५ को दफा ८ बमोजिम गठित छानविन समिति बाट स्थलगत निरीक्षण गरी तयार पारिएको प्रतिवेदनका आधारमा लमही नगरपालिका ३ फल्कापुर दाङको करिव ५ विगाहामा न्यू जयसवाल फिक्स चिम्नी ईट्टा उद्योग स्थापना का लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

२०७५।११।२५

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner